Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४२ | वि.सं. २०८३ जेठ ११ सोमबार | नेपाल संवत: ११४५ | ज्येष्ठ शुक्ल नवमी | Monday 25 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## भौतिक मन्त्रालयमा बेरुजुको चाङ

**कर्णालीमा कुल बेरुजुको सबैभन्दा बढी हिस्सा भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको छ । आर्थिक वर्ष २०८१/०८२ सम्म आइपुग्दा यस मन्त्रालयको बेरुजु ३९ करोड २७ लाख ७० हजार रुपैयाँ बेरुजु भौतिकको नाममा छ । यो कुल बेरुजुको ५०.७७ प्रतिशत हो ।**




**ओम शाही**
**सुर्खेत, १० जेठ ।**

कर्णाली प्रदेश सरकार र मातहतका निकायमा अझै पनि बेरुजुको ग्राफ घट्नुको साटो बढ्दै गएको छ । महालेखापरीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको आठौं वार्षिक प्रतिवेदन अनुसार कर्णाली प्रदेश सरकार र मातहतका निकायले वित्त व्यवस्थापनको पाटोलाई चुस्त बनाउन सकेका छैनन् । प्रदेश सरकार स्थापना भएयताका तथ्यांक केलाउने हो भने वर्षेनी बेरुजुको ग्राफ उकालो लाग्दै गएको देखिन्छ । सार्वजनिक विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ सम्म आईपुग्दा कर्णालीको कुल बेरुजु चार अर्ब रुपैयाँ नाघेको छ । गत वर्ष मात्रै कर्णालीमा ७७ करोड अर्थात २.०८ प्रतिशतले बेरुजु थप भएको छ । यो आर्थिक वर्ष २०८०/०८१ को तुलनामा दोब्बरले बढी हो । यस आर्थिक वर्षमा १.२२ प्रतिशत बेरुजु थियो । तथ्यांक अनुसार प्रदेशका सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको बेरुजु चार अर्ब १२ करोड पाँच लाख ८४ हजारमध्ये १७ करोड ६४ लाख ५८ हजार सम्परीक्षणबाट लगत कट्टा हुँदा एक करोड ७९ लाख १९ हजार बेरुजु थप भई विगतको खुद बाँकी बेरुजु तीन अर्ब ९६ करोड २० लाख ४५ हजारमा गत वर्षको थप ७७ करोड ३५ लाख ६२ हजारसमेत अद्यावधिक बेरुजु चार अर्ब ७३ करोड ५६ लाख सात हजार फर्स्यौट हुन बाँकी छ । गत आर्थिक वर्ष २०८१/०८२ मा प्रदेशका एक सय ३७ सरकारी कार्यालय र समिति तथा अन्य संस्थासमेतको ३७ अर्ब १९ करोड ८० लाख ७६ हजारको लेखापरीक्षण गरिएको थियो । जसमा प्रारम्भिक प्रतिवेदनबाट ७८ करोड ७२ लाख ८२ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म एक करोड ४५ लाख ७९ हजार (कुल बेरुजुको १.८५ प्रतिशत) सम्परीक्षण गराउँदा आठ लाख ५९ हजार थप बेरुजु कायम भई ७७ करोड ३५ लाख ६२ हजार फस्यौट हुन बाँकी रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

महालेखाको प्रतिवेदन अनुसार सबैभन्दा धेरै बेरुजु भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको छ । आर्थिक वर्ष २०८१/०८२ सम्म आइपुग्दा यस मन्त्रालयको बेरुजु ३९ करोड २७ लाख ७० हजार रुपैयाँ छ । यो कुल बेरुजुको ५०.७७ प्रतिशत हो । प्रदेशको भौतिक पूर्वाधार निर्माणको जिम्मेवारी पाएको विकासी मन्त्रालयमा बेरुजुको यति ठुलो ग्राफले मन्त्रालयको पारदर्शितामाथि नै प्रश्न उठाइरहेको छ । वार्षिक बजेट धेरै हुने भौतिक मन्त्रालयको बजेट कार्यान्वयन गर्ने क्षमतासमेत सन्तोषजनक छैन । यस्तै, सामाजिक विकास मन्त्रालय बेरुजु धेरै हुने निकायको दोस्रो नम्बरमा छ । सामाजिक विकास मन्त्रालयको बेरुजु १७ करोड ६९ हजार ५६ रुपैयाँ छ । यो कुल बेरुजुको २२.८८ प्रतिशत हो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको नाममा नौ करोड २५ लाख ५४ हजार बेरुजु छ । यस मन्त्रालयको बेरुजु प्रतित ११.९७ प्रतिशत छ । यस्तै, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको नाममा चार करोड २१ लाख ६९ हजार अर्थात ५.४५ प्रतिशत बेरुजु रकम छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको हालसम्मको बेरुजु दुई करोड ९१ लाख छ । पर्यटन मन्त्रालयमा कुल बेरुजुरुको प्रतिशत ३.७६ छ ।

### निर्देशन नै हुँदैनन् कार्यान्वयन

कर्णाली प्रदेश सरकार र यसका निकायको सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त बनाउन प्रदेशसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले विभिन्न समयमा सरकारलाई सुझाव र निर्देशन दिने गरेको छ । तर, समितिका सुझाव र निर्देशन पालना गर्न र गराउनमा भने प्रदेश सरकार चुकेको देखिन्छ । समितिले सरकारलाई प्रदेशसभाप्रति उत्तरदायी र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने गरको छ । यस्तै, प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोगबाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्र्यौट र आर्थिक अनुशासन कायम गराउने जिम्मेवारी समितिलाई छ । तर, बेरुजुका सन्दर्भमा दिइने निर्देशनहरु

बाँकी ३ पेजमा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ (त) र प्रदेशको यस सम्बन्धी कानुनमा, प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

## एन्टिबायोटिक औषधीको जथाभावी प्रयोगबारे सचेतना




**युग संवाददाता**
**सुर्खेत, १० जेठ ।**

कर्णालीका युवाहरूले क्षयरोग (टीबी) सँगै एन्टिबायोटिक औषधीको जथाभावी प्रयोगले निम्त्याउने समस्याबारे गाउँ-गाउँमा सचेतना फैलाउने प्रतिबद्धता व्यक्त गरेका छन् । सुर्खेतको वीरेन्द्रनगरमा नि-म्याट ग्लोबल र ग्लोबल कोअलिशन अफ टीबी एड्भोकेट (जीसीटीए) को साझेदारीमा आयोजित कार्यक्रममा युवाहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् । कर्णाली प्रदेशस्तरीय युवा नेतृत्व विकास, क्षयरोग नियन्त्रण तथा एन्टिबायोटिक औषधीको असावधानीपूर्ण प्रयोगबाट उत्पन्न हुने प्रतिरोधी समस्याबारे छलफल गरिएको कार्यक्रममा कर्णालीका विभिन्न जिल्लाका २० भन्दा बढी सक्रिय युवा सहभागी थिए ।

कार्यक्रममा युवाहरूलाई क्षयरोगका आधारभूत पक्ष, रोगको पहिचान, उपचार प्रक्रिया तथा एन्टिबायोटिक औषधीको जथाभावी प्रयोगले निम्त्याउने चुनौतीबारे नि-म्याट ग्लोबलका कार्यकारी निर्देशक मधुसुदन काफ्लेले जानकारी गराएका थिए । उनले क्षयरोग लागेमा औषधी निःशुल्क पाईने, पूरा औषधी सेवन गर्ने, लागिहालेमा नडराउनेजस्ता विषयमा समुदाय र परिवारमा सचेतना जगाउन युवालाई आग्रह गरे । साथै उनले पछिल्लो समय एन्टिबायोटिकको जथाभावी प्रयोग बढ्दै गएको भन्दै नेपाल सरकारले एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न र यसको प्रतिरोध न्यूनीकरण गर्न 'प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना' कार्यान्वयनमा ल्याएको जानकारी दिए। सरकारले चिकित्सक र स्वास्थ्यकर्मीको पुर्जीबिना एन्टिबायोटिक बिक्री गर्न निषेध गरेको उनले बताए । काफ्लेका अनुसार बिरामीले सजिलै चिन्न सकून् भनेर यस्ता औषधीको लेभलमा रातो धर्का अनिवार्य गरिएको हो । यसबारे स्थानीय नागरिकलाई जानकारी नभएकाले युवाहरुले अभियान नै चलाएर जनचेतना जगाउन आवश्यक रहेको उनको भनाइ छ ।

कार्यकारी निर्देशक काफ्लेले कर्णालीका युवाहरुले जनस्वास्थ्यका समस्या आफ्नै जिम्मेवारी ठानेर समाधान खोज्ने उत्साह देखाउनुपर्नेमा जोड दिए । कार्यशालामा सहभागी युवाहरूले आफ्नो क्षेत्रका अनुभव र स्वास्थ्य चुनौतीबारे खुला रूपमा धारणा राखेका थिए । जुम्लाकी ज्वाला रोकायाले कार्यक्रमले टीबीका प्राविधिक तथा सामाजिक पक्षसँगै जनस्वास्थ्यका विषयमा नयाँ जानकारी हाँसिल गर्ने अवसर दिएको बताइन् । 'हामीले यसबारे आफ्नो समाजमा पनि जानकारी दिनेछौं, उनले भनिन् 'यसले समुदायमा काम गर्दा आवश्यक ज्ञान र आत्मविश्वास दुवै दिएको छ ।'

सुर्खेतका उदयमान पाङ्गालीले टीबी र औषधीको सही प्रयोगबारे सचेतना फैलाउने अभियानलाई अझ प्रभावकारी र व्यापक बनाउन आगामी दिनमा थप सक्रिय हुने प्रतिबद्धता जनाए । उनले भने, 'हामी सबै मिलेर आ-आफ्नो समुदायमा पुगेर सचेतना फैलाउने कामलाई अभियानकै रूपमा अघि बढाउँछौं ।' त्यस्तै, कालिकोटको नरहरिनाथ गाउँपालिकाका अकेन्द्र दर्जीले कार्यशालाबाट सिकेको ज्ञान गाउँ-गाउँसम्म पुऱ्याउने योजना सुनाए । कालिकोटमा पनि समूह बनाएर सचेतनामूलक अभियान सञ्चालन गर्ने उनको भनाइ छ ।

## आयुर्वेद स्वास्थ्य शिविरबाट ३८४ जना लाभान्वित

**युग संवाददाता**
**रुकुमपश्चिम, १० जेठ ।**

रुकुम पश्चिमको सानिभेरी गाउँपालिका ४ स्थित गरायला स्वास्थ्य चौकीमा सञ्चालन गरिएको निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

एकदिने आयुर्वेद स्वास्थ्य शिविरमा स्थानीय नागरिकको उत्साहजनक सहभागिता रहेको थियो । आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजना तथा सानीभेरी गाउँपालिकाको समन्वयमा सञ्चालन गरिएको उक्त शिविरबाट कूल ३८४ जनाले सेवा आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमु डा महेन्द्र खड्काले जानकारी दिए । उनका अनुसार २२१ महिला र १६३ पुरुषले सेवा लिएका थिए । सेवा लिनेमध्ये १५४ ज्येष्ठ नागरिक रहेका छन् ।

गाउँमै पुगेर विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिएपछि स्थानीय सेवाग्राहीहरू लाभान्वित भएका छन् । शिविरमा आयुर्वेद स्वास्थ्य केन्द्र जाजरकोटका कविराज निरीक्षक सञ्जय साहसहित जिल्लाभित्रका विभिन्न पालिकाका आयुर्वेद केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरूले सेवा प्रदान गरेका थिए । स्थानीय नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको उक्त शिविरले आयुर्वेद सेवाप्रति जनविश्वास थप मजबुत बनाएको सहभागीहरूले बताएका छन् । सानीभेरी गाउँपालिका अध्यक्ष विष्टले दुर्गम क्षेत्रका नागरिकलाई गाउँमै पुगेर स्वास्थ्य सेवा उपलब्ध गराएकोमा आयुर्वेद स्वास्थ्य केन्द्र धन्यवाद गर्दै पछिल्लो समय आयुर्वेद उपचार पद्धतिप्रति नागरिकको विश्वास र पहुँच बढ्दै गएको बताए । आयुर्वेद स्वास्थ्य उपचारको प्रभावकारिता अझ विस्तार गर्नुपर्ने उनको भनाइ थियो ।

शिविरमा अम्लपित्त, पेटसम्बन्धी रोग, श्वास, खोकी, पिनास, छातीसम्बन्धी समस्या, हाडजोर्नी तथा नसासम्बन्धी रोग, पुरानो वात रोग, पाठेघरसम्बन्धी समस्या, पाइल्स, फिसर, फिस्टुला, मधुमेह तथा उच्च रक्तचापलगायतका रोगको परीक्षण गरिनुका साथै निःशुल्क औषधि प्रदान गरिएको आयुर्वेद स्वास्थ्य केन्द्र रुकुम पश्चिमले जनाएको छ ।

**विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं ।**

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं ।
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुर्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं, तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र विद्यार्थीहरुलाई चढाउने र झार्ने गरौं,
- विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- विद्यार्थीहरुले शरीरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
MINI BUS
JEEP/CAR
EV VAN
SUMO JEEP

## सम्पादकीय....

# उत्पादनमुखी अर्थतन्त्र निर्माणमा जोड देऊ !

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/०८३ को प्रक्षेपणले कर्णाली प्रदेशको अर्थतन्त्र दुई खर्ब ७७ अर्ब रुपैयाँ पुग्ने देखाएको छ। प्रदेश स्थापना यताकै सन्दर्भमा यो सकारात्मक संकेत अवश्य हो। तर, तथ्यांकको सतहभन्दा गहिरिएर हेर्दा कर्णालीको आर्थिक संरचना अझै कमजोर र असन्तुलित अवस्थामै छ। अर्थतन्त्रको आकार बढ्दै जानु मात्रै पर्याप्त होइन, त्यसको गुणस्तर, दिगोपन र जनजीवनमा परेको प्रभाव बढी महत्वपूर्ण विषय हो। कर्णालीको आर्थिक वृद्धिदर २.९४ प्रतिशत रहने अनुमान गरिएको छ, जुन अघिल्लो वर्षको ५.२५ प्रतिशतको तुलनामा उल्लेख्य रूपमा घटेको हो। अझ चिन्ताको विषय के छ भने राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णालीको योगदान पनि ४.३ प्रतिशतबाट घटेर ४.२ प्रतिशतमा झरेको छ। यसले प्रदेशको अर्थतन्त्र विस्तार भए पनि राष्ट्रिय अर्थतन्त्रको गतिसँग कर्णालीले तालमेल गर्न नसकेको देखाउँछ। अर्थात्, कर्णालीको आर्थिक वृद्धि तुलनात्मक रूपमा कमजोर बन्दै गएको संकेत हो।

तथ्यांकले कर्णालीको अर्थतन्त्र अझै कृषि आधारित रहेको देखाएको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३१ प्रतिशतभन्दा बढी छ। धान उत्पादनमा वृद्धि हुने अनुमानले कृषि क्षेत्रमा केही आशा जगाए पनि प्रदेशको अर्थतन्त्र कृषि निर्भर रहिरहनु दीर्घकालीन रूपमा स्वस्थ संकेत होइन। औद्योगिक क्षेत्रको योगदान १० प्रतिशतभन्दा कम हुनु र खानी तथा उत्खननजस्ता सम्भावनायुक्त क्षेत्रको योगदान नगण्य रहनुले कर्णालीमा उत्पादनमुखी अर्थतन्त्र निर्माण हुन नसकेको पुष्टि गर्छ। सेवा क्षेत्रको हिस्सा ५८ प्रतिशतभन्दा बढी भए पनि त्यो उत्पादनशीलभन्दा बढी उपभोगमुखी अर्थतन्त्रमा आधारित देखिन्छ। बैंक तथा वित्तीय कारोबार, यातायात र सेवा क्षेत्रमा भएको विस्तारलाई सकारात्मक मान्न सकिए पनि यसले रोजगारी, उद्योग र स्थानीय उत्पादनमा कति प्रभाव पारेको छ भन्ने प्रश्न यथावत् छ। सरकारी खर्च न्यून रहँदा सार्वजनिक प्रशासन तथा पूर्वाधार क्षेत्रमा अपेक्षित गति आउन नसकेको तथ्यले विकासको आधार कमजोर रहेको संकेत गर्छ।

अर्कोतर्फ, प्रतिव्यक्ति आय घट्नु झन् गम्भीर संकेत हो। कर्णालीको प्रतिव्यक्ति आय ११ सय २१ अमेरिकी डलरबाट घटेर ११ सय आठ डलर पुग्ने अनुमान गरिएको छ। डलरको विनिमय दर यसको एउटा कारण भए पनि वास्तविकता के हो भने आम नागरिकको आयस्तर अपेक्षित रूपमा बढ्न सकेको छैन। आर्थिक वृद्धिको लाभ जनताको जीवनस्तरसम्म नपुगेसम्म त्यसको अर्थ सीमित रहन्छ। कर्णालीसँग जलस्रोत, पर्यटन, जडीबुटी, कृषि र खानीजस्ता प्रशस्त सम्भावना छन्। तर, ती सम्भावनालाई उत्पादन र रोजगारीसँग जोड्ने दीर्घकालीन नीति, लगानी र सुशासनको अभावले प्रदेश अझै आत्मनिर्भर अर्थतन्त्रतर्फ उन्मुख हुन सकेको छैन। अब कर्णालीले तथ्यांकमा अर्थतन्त्रको आकार बढेकोमा सन्तुष्ट हुने होइन, आर्थिक संरचनालाई बलियो बनाउने दिशामा स्पष्ट र परिणाममुखी कदम चाल्न आवश्यक छ।

## विश्व

# सिजेपीको इन्स्टाग्राम खाता र पेज ह्याक




**नयाँदिल्ली, १० जेठ ।**
कक्रोच जनता पार्टी (सिजेपी)का संस्थापक अभिजित दिपकेले शनिबार आफ्नो पार्टीको इन्स्टाग्राम खाता र पेज ह्याक भएको दाबी गरेका छन्। उनले सुरु गरेको व्यंग्य अभियान भाइरल भएको र व्यापक अनलाइन प्रयोगकर्ता आकर्षित गरेको केही दिनपछि पार्टीको इन्स्टाग्राम अकाउन्ट र पार्टीको पेज ह्याक भएको हो।

आफ्नो व्यक्तिगत इन्स्टाग्राम खाता पनि ह्याक भएको उनले बताएका छन्। बेरोजगार भारतीय युवाहरूका बारेमा प्रधानन्यायाधीश सूर्यकान्तको टिप्पणीपछि दिपकेले सिजेपीलाई प्यारोडी पार्टीको रूपमा सिर्जना गरेका थिए। यो छिट्टै युवामाझ लोकप्रिय भयो, यसको एक्स र इन्स्टाग्राम खातामा रातारात अभूतपूर्व संख्यामा फलोअर बढेका थिए। कक्रोच पार्टीको इन्स्टाग्राम खाता एटकक्रोचनेभरडाइज बन्द भएको हो। यसको एक्स खाता पनि निलम्बन भएको छ। सिजेपीको इन्स्टाग्राम पेजमा एक हप्ताभित्र दुई करोड २० लाख फलोअर भएका थिए। त्यस्तै, एक्समा पनि दुई लाख फलोअर्स रहेका थिए। उनले युवा र सिजेपीका सदस्यलाई 'सचेत' रहन आग्रह गरेको केही घण्टापछि, सिजेपीको आधिकारिक पृष्ठ ह्याक गरिएको थियो।

'कृपया ध्यान दिनुहोस् कि हामीसँग हाल हाम्रो कुनै पनि प्लेटफर्ममा पहुँच छैन। यसपछि गरिएको कुनै पनि पोस्टलाई कक्रोच जनता पार्टीको आधिकारिक बयान मान्नुहुँदैन,' पेज ह्याक भएपछि दिपकेले एक्समा पोस्ट गरेका छन्। सिपिजेको आधिकारिक एक्स ह्यान्डल रोकिएपछि दीपकेले 'कक्रोच इज ब्याक' नामक अर्को पृष्ठ खडा गरेका छन्, जसमा लगभग दुई लाख फलोअर्स छन्। आइटी मन्त्रालयका अधिकारीले सिजेपीलाई भारतको 'सार्वभौमिकता'का लागि खतरा भएको बताएको एक दिनपछि ह्याकिङ भएको हो।

'मन्त्रालयले गुप्तचर निकायबाट कक्रोच जनता पार्टीको एक्स खाता ब्लक गर्न इनपुट प्राप्त गऱ्यो, जसमा यसले भारतको सार्वभौमसत्ताको लागि खतरा रहेको उल्लेख गरिएको थियो। आफ्नो खातामार्फत सिजेपीले भड्काउने सामग्री पोस्ट गरेको गुप्तचर निकायले विश्वास गऱ्यो,' एक अधिकारीको भनाइ उद्धृत गर्दै द इन्डियन एक्सप्रेसले लेखेको छ, 'विशेषगरी खाताको सामग्री युवामाझ लोकप्रिय हुँदै गएको तथ्यबाट चिन्ता उत्पन्न भएको थियो।' व्यंग्यको रूपमा सुरु भएको अनलाइन राजनीतिक आन्दोलनको वेबसाइटमा अहिले १० लाख सदस्यता दर्ता भइसकेको छ। गत साता सुनुवाइका क्रममा प्रधानन्यायाधीश सूर्यकान्तले भारतका बेरोजगार युवालाई 'साङ्ला' र 'परजीवी' भनेर सम्बोधन गरेका थिए। पछि उनले स्पष्टीकरण दिँदै आफ्नो भनाइ सञ्चार माध्यमले तोडमोड गरेको बताएका थिए।

# स्मृतिमा आधारित परीक्षा प्रणाली बदलौँ



गोविन्द पौडेल



वैज्ञानिक अल्बर्ट आइन्स्टाइनलाई एक पत्रकारले प्रश्न गर्छन्, 'वैज्ञानिक आइन्स्टाइन, हावामा ध्वनिको गति कति हुन्छ ?' ध्वनिको प्रसारणबारे सबैभन्दा धेरै कसैलाई थाहा थियो भने तिनी भौतिकशास्त्रका महान् वैज्ञानिक आइन्स्टाइनलाई थिए। तर, आइन्स्टाइनले व्यंग्यात्मक जवाफ दिए, 'यस्ता तथ्यांकहरू मैले घोकेर दिमागमा बोक्ने गर्दिनँ। यी कुरा त किताबमा सजिलै भेटिन्छन्।'

आइन्स्टाइनले दिएको उत्तरको सन्देश निकै गहिरो छ। मुख्य कुरा घोक्नु होइन, नयाँ सिर्जना गर्नु हो, नयाँ आइडिया जन्माउनु हो। विषयवस्तु बुझेर नयाँ आविष्कार गर्नु हो।

हाम्रो देशमा विद्यालयदेखि विश्वविद्यालयसम्मको परीक्षा मूलतः स्मृति मापनमा आधारित छ। परीक्षा प्रणाली जस्तो छ, कक्षाभित्रको पठनपाठन पनि त्यसमा आधारित हुने नै भयो। त्यसैले देशभरिका शिक्षण संस्थाका कक्षाकोठा भित्र घोकाउने, रटाउने र बढीमा सम्बन्धित विषयको सूचना दिनेमा सीमित भइरहेको छ। यसले गर्दा घोक्न नसक्ने विद्यार्थी असफल सावित भइरहेका छन्। सिर्जना र आविष्कार गर्न सक्ने मस्तिष्कहरू पनि परीक्षाको घेरामा कैद भएका छन्। उनीहरूको उर्वर मस्तिष्क परीक्षाको दबाब र त्रासमा थिचिएको छ।

आजको दुनियाँमा स्मृति भन्ने कुरा 'आउटडेटेड' भइसकेकको छ। 'कपि-पेस्ट' गर्ने खालको परीक्षा प्रणालीले शिक्षा प्रणालीलाई नै विकृत बनाएको छ। अहिले स्मृतिको काम गर्न एआईको विकास भइसकेको छ। आगामी वर्षहरूमा अझ शक्तिशाली एआईको विकास हुनेछ। एआईले मानिसले भन्दा हजारौं गुणा छिटो र धेरै स्मृति गरिदिन सक्ने भएको छ। हामी 'गुगल' युगमा छौं। अब मानिसको मस्तिष्क स्मृति गर्न होइन सिर्जना गर्न, आविष्कार गर्न र समस्या समाधान गर्नमा तालिमप्राप्त बन्नुपर्छ। त्यो तालिम दिने काम शिक्षण संस्थाको हो।

हालसालै सरकारले कक्षा १ देखि ५ सम्म आन्तरिक लिखित परीक्षा विस्थापित गर्ने निर्देशिका ल्याएको छ। बच्चाहरूमा परीक्षाको तनाव घटाउने र मस्तिष्कमा परिभाषा र तथ्यहरू घोकाउनबाट मुक्त गर्ने यो एउटा तरिका हो। यसलाई क्रमशः माथिल्ला तहहरूमा पनि विस्तार गरिनुपर्छ र विद्यालय तहको सन्दर्भमा कक्षा १२ मा मात्रै एउटा राष्ट्रियस्तरको परीक्षा लिन सकिन्छ। शिक्षकलाई विश्वसनीय र सही तरिकाले विद्यार्थीको निरन्तर आन्तरिक मूल्यांकन गर्ने कुरामा दक्ष र जिम्मेवार बनाइनुपर्छ।

लिखित परीक्षा हटाउने कुरामा कतिपयको गुनासो सुनिन्छ, 'अब शिक्षाको गुणस्तर थप घट्ने भयो। विद्यार्थीले थप नपढ्ने भए।' तर, विद्यार्थी मूल्यांकनका आधुनिक तरिकाहरूको सही र वैज्ञानिक तरिकाले अवलम्बन गर्न सक्यौँ भने नेपालको शिक्षा प्रणाली बदल्न यो एउटा ठूलो अवसर बन्न सक्छ। किनकि शिक्षा परीक्षाका लागि होइन, मुख्य कुरा सिक्नु- सिकाउनु हो। सिकेको कुराको नयाँ परिस्थितिमा प्रयोग गर्न सक्षम हुनु हो। आजसम्मको हाम्रो शिक्षा ३ घण्टे परीक्षाको प्रक्रिया पूरा गर्नमा केन्द्रित छ। शिक्षा जीवनसँग जोडिएन, लिखित परीक्षासँग जोडियो।

कक्षाको प्रत्येक पाठ र एकाइले विद्यार्थीलाई बुझाइबाट सिर्जना र प्रयोगतर्फ लैजानुपर्छ। विद्यार्थीलाई आविष्कार, अनुसन्धान, आलोचनात्मक चेत र सिकेको कुराको नयाँ परिस्थितिमा प्रयोगमा आधारित बनाइनुपर्छ। यसका लागि शिक्षा भनेको परीक्षा हो र परीक्षा भनेको घोकाइको जाँच हो भन्ने परम्परागत सोचलाई देशव्यापी रूपमै भत्काउन आवश्यक छ। यसको नेतृत्व शिक्षा मन्त्रालयले लिनुपर्छ।

अबको परीक्षा प्रणाली विद्यार्थीलाई दिइने प्रभावकारी खालका परियोजनामा आधारित हुनुपर्छ। विद्यार्थीले कक्षाकोठामा गर्ने प्रस्तुति, समूहमा कार्य गर्न सक्ने खुबी, छलफलमा भाग लिन सक्ने क्षमता, अनुसन्धान, सिकेका विषयवस्तुको नयाँ सन्दर्भमा प्रयोग गर्न सक्ने क्षमता, सिर्जनात्मकता आदिमा आधारित हुनुपर्छ। शिक्षामा गरिने यस्तो नयाँ अभ्यासले विद्यार्थीको सबै खालको सीप क्षमता परीक्षण गर्छ। यसका लागि शिक्षकलाई पर्याप्त प्रभावकारी तालिम दिइनुपर्छ।

विद्यालयले अन्तिम परीक्षामा झण्डै ४०/५० प्रतिशत मात्रै लिखित परीक्षामा आधारित हुनुपर्छ। तर, यसमा सोधिने प्रश्नहरू प्रयोग, विश्लेषण र समस्या समाधान गर्न सक्ने सीपमा आधारित बनाइनुपर्छ। उदाहरणका लागि विज्ञानको विषयको प्रश्न परम्परागत रूपमा यसरी सोधिन्थ्यो, 'अम्लको परिभाषा लेख।'

यसको ठाउँमा प्रश्नको ढाँचा यसरी बदल्नपर्छ- 'अम्लीय वर्षा नेपालको कृषिजन्य बालीनालीका लागि किन खतरनाक छ ?'

यो प्रश्नले बोध, प्रयोग र आलोचनात्मक चेतको जाँच गर्छ। हाम्रो परम्परागत परीक्षाको प्रश्न हुन्छ- 'पहिरो जानुका कारण के-के हन् ?'

यसको ठाउँमा हामी सोध्न सक्छौँ, 'नेपालको पहाडी भेगमा पछिल्ला वर्षहरूमा पहिरो जाने क्रम बढिरहेको छ। यसलाई वैज्ञानिक उपायद्वारा कसरी घटाउन सकिएला ?' यस्ता प्रश्नले विश्लेषणात्मक, आलोचनात्मक र गहिरो सोचको मूल्यांकन गर्छन्।

सुरुसुरुमा यस्ता प्रश्न धेरै विद्यार्थीका लागि निकै कठिन हुन्छन्। धेरै विद्यार्थी असफल पनि हुन्छन्। तर, बदलिएको परीक्षा प्रणालीअनुरुप कक्षाभित्रको शिक्षण क्रियाकलाप पनि बदलिएपछि दीर्घकालीन रूपमा यस्ता प्रश्न सहज बन्दै जान्छन्।

विद्यार्थीको मस्तिष्क निर्माण गर्ने यो महत्त्वपूर्ण माध्यम बन्छ। शिक्षा अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बन्छ। यसका लागि धेरै कुरा शिक्षकमा गएर अडिएको हुन्छ। सरकारले शिक्षकमा लगानी वृद्धि गर्नुपर्छ। फिनल्यान्ड र सिंगापुरजस्ता देशको शिक्षा संसारकै उत्कृष्ट हुनुमा ती देशले शिक्षकलाई दक्ष र योग्य बनाएका छन्। विश्वविद्यालयबाट उत्कृष्ट शिक्षक उत्पादन गर्न ध्यान दिइएको छ। शिक्षकको तालिममा अत्यधिक लगानी गरिएको छ र शिक्षकमाथि विश्वास गरिएको छ।

हाम्रो देशमा परीक्षा लिने र अंक दिने प्रक्रिया परै अवैज्ञानिक, अविश्वसनीय र फितलो खालको छ। एउटा कक्षामा ५०/६० जना परीक्षार्थी राखेर जाँच लिनुपरेको छ। परीक्षाको कपि जाँच्ने प्रक्रिया हचुवा खालको छ। गणितमा ए-ग्रेड ल्याएको भनिएको विद्यार्थीको सिकाइ सोही ग्रेडअनुरुपको हुँदैन। गणितमा एकदमै कमजोर भनिएको विद्यार्थीले परीक्षाको बेला अब्बल साथीको आडमा पऱ्यो भने उसले पनि ए-ग्रेड ल्याइदिन सक्छ।

परीक्षामा कति विद्यार्थी उत्तीर्ण भए भन्ने आधारमा सम्बन्धित विषयको शिक्षकको मूल्यांकन हुने भएपछि दुई पेज लेखेको विद्यार्थीलाई ए-ग्रेड दिएर पठाएको देखिन्छ। आन्तरिक प्रयोगात्मक अंकमा पूर्णाङ्क दिएर पठाइएको हुन्छ। तर, वास्तविक प्रयोगात्मक प्रदर्शनमा विद्यार्थी निकै कमजोर देखिन्छ। उत्तरपुस्तिका जाँच्ने शिक्षकले ५ मिनेटमा ५ जना विद्यार्थीको कापी जाँचिदिन्छन्। यसको अर्थ शिक्षा प्रणाली पूरै परीक्षाकेन्द्रित भएको छ। परीक्षा शो-पिसको रूपमा अनुवाद भएको छ। यसले विद्यार्थीको वास्तविक मूल्यांकन हुन नसकेर शिक्षा प्रणालीको समेत ठीक मूल्यांकन हुन नसक्दा शिक्षालाई सुधार्नुपर्ने बाध्यताबाट सरोकारवाला पक्ष पन्छिएका छन्।

परीक्षाकेन्द्रित शिक्षाले समग्र प्रणालीलाई नै विकृत बनाएको छ। गत वर्षको एसईई परीक्षाको परिणाम एक महिनामै घोषणा गरियो। अघिल्ला वर्षहरूभन्दा उत्तीर्ण प्रतिशत केही हदसम्म बढेको देखियो। तर, के साँच्चै विद्यार्थीको सिक्ने क्षमता बढेका कारण उत्तीर्ण प्रतिशत बढेको हो त भन्नेमा शंकाहरू छन्।

पाठ्यक्रम उही, पढाउने विधि उही, शिक्षक उही र परीक्षाको तौरतरिकामा फरकपन छैन। एउटै फरक भनेको यसपालि छिटो रिजल्ट प्रकाशित गर्न उत्तरपस्तिका सम्बन्धित परीक्षा केन्द्रमै नजिकका शिक्षकहरूद्वारा जाँचियो। नजिकका विद्यार्थीप्रति शिक्षकको उदारता उत्तरपस्तिका परीक्षणमा पनि पक्कै पनि प्रकट भयो। प्रयोगात्मक परीक्षाको अंकमा पूर्णाङ्क दिएर पठाउने शिक्षकहरूले आफ्नै वा आफ्नो नजिकका विद्यालयका विद्यार्थीको कापी जँचाइमा पनि साह्रै लचिलो भए भन्ने प्रशस्त उदाहरण छन्। यस्तो अभ्यासले धेरै विद्यार्थी उत्तीर्ण भएको त देखिन्छ तर विद्यार्थीको वास्तविक सिकाइमा सुधार आएको हुँदैन।

सिंगापुर र इस्टोनियाजस्ता देशहरूले भविष्यको आर्थिक सुरक्षाका लागि शिक्षामा एआई, रोबोटिक्स, बायोटेक्नोलोजी, डाटा साइन्स, हरित ऊर्जा आदिलाई जोडेका छन्। विद्यालयको आधारभूत तहदेखि नै एआई साक्षरता सिकाएका छन्। विश्वविद्यालयलाई प्रविधि कम्पनीहरूसँग सहकार्य गराएका छन्। सन् २००५ मै सिंगापुरले 'थोरै पढाऔँ, धेरै सिकाऔँ' भन्ने नीति अगाडि सारेको थियो। यसले विद्यालयलाई 'क्वान्टिटी'भन्दा 'क्वालिटी'मा जान मार्गदर्शन दियो। हाम्रोमा आज पनि कक्षाकोठामा धेरै पढाउने र थोरै सिकाउने काम हुन्छ। विश्वव्यापी रूपमा शिक्षा स्मृतिबाट सिर्जनशीलता, ज्ञानको प्रयोग, सीप, टिम वर्क, उद्यमशीलता, इन्नोभेसन र स्टार्ट अपतिर सरेको छ। विश्व डिजिटलाइजेसन, अनुसन्धान र अन्वेषणको प्रतिस्पर्धामा छ। यी सब कुरामा हाम्रो शिक्षाको प्रवेश नै भएको छैन। शिक्षाले नेपाली विद्यार्थीलाई आज पनि परीक्षाका लागि घोक्ने मेसिनमा परिणत गरिदिएको छ। *(शिलापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – अवसरले पछ्याए पनि प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ। सहयोगीहरूले साथ नदिन सक्छन्। कामको मेसो नमिल्दा व्यवहारमा पछि

**तुला** – नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ।

**वृष** – आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ।

**वृश्चिक** – तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ। प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ। पुरानो मित्रताले प्रेमको मार्ग अवलम्बन गर्न सक्छ।

**मिथुन** – नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ।

**धनु** – मेहनत गर्दा भाग्योन्नतिको समय छ। सामुदायिक तथा सेवामूलक कामले पद-प्रतिष्ठा दिलाउन सक्छ। सामाजिक उत्तरदायित्व हातपार्न सकिनेछ।

**कर्कट** – बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर जुट्नेछ। चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

**मकर** – खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला।

**सिंह** – रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ।

**कुम्भ** – तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ।

**कन्या** – परिस्थितिले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ।

**मीन** – द्वेष तथा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन्। तापनि शत्रुहरू किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्यमा केही समस्या देखिनेछ।

# बाजुरा-हुम्ला विवाद अध्ययन गर्न समिति गठन



**युग संवाददाता**
**सुर्खेत, १० जेठ ।**

सरकारले बाजुरा र हुम्ला जिल्लाको सीमा सम्बन्धी प्राविधिक पक्षको अध्ययन गरी प्रतिवेदन पेस गर्न नापी विभागका उपमहानिर्देशक सुशील डंगोलको संयोजकत्वमा एक समिति गठन गरेको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलको अध्यक्षतामा २०८३ जेठ १० गते सिंहदरबारमा बसेको बैठकले उक्त समिति गठन गर्ने निर्णय गरेको हो ।

समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका साथै कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट एक-एक जना प्रतिनिधि सदस्य रहनेछन् ।

त्यस्तै, नापी विभागका निर्देशकलाई समितिको सदस्य-सचिवको जिम्मेवारी दिइएको छ । बैठकमा भूमि मन्त्रालयका सचिव मदन भुजेल, प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दिपा दाहाल, गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव प्रकाश दाहाल, नापी विभागका महानिर्देशक प्रकाश जोशी, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव भीम बुढा,नापी विभागका निर्देशक दयानन्द जोशी र नापी अधिकृत ज्योति ढकालको सहभागिता थियो । बैठकमा सो विषयमा सघन छलफल गर्दै समिति गठन गर्ने निष्कर्ष निकालिएको हो ।

# जुम्लाको छुम जिउलोमा रोपाइँ सुरु

**युग संवाददाता**
**जुम्ला, १० जेठ ।**

जुम्लाको समुद्री सतहदेखि करिब दुई हजार ८ सय ५० मिटर उचाइमा फैलिएको छुमचौर जिउलो यतिबेला फेरि हरियो बन्न खोज्दैछ । हिलोमा खुट्टा गाडेर किसानहरू मार्सी धान रोपिरहेका छन् । तर, यो रोपाइँ मात्र होइन, हराउँदै गएको पहिचान जोगाउने संघर्ष बनेको छ ।

विश्वकै उच्च स्थानमा फल्ने जुम्ली मार्सी धान कुनै सामान्य बाली होइन । छुमचौर जिउलोमा आइतबार फेरि रोपाइँ सुरु भयो । महिलाका हात हिलोमा चलिरहेका थिए, पुरुषहरू बीउ उखेलेर रोपाहारलाई दिइरहेका थिए, खेतभरि पुराना असारे भाका गुञ्जिरहेका थिए । यो जुम्लाको इतिहास, पहिचान, स्वाद, संस्कृति र हिमाली जीवनको जीवित किंवदन्ती हो । पञ्चायतकालमा यही मार्सी चामल हुलाकमार्फत राजामहाराजासम्म पुग्थ्यो । अहिले पनि स्वदेशदेखि विदेशसम्म यसको माग उच्च छ ।



तर, उत्पादन घट्दो छ, खेत बाँझिँदै छन्, किसानको भरोसा टुट्दै गएको छापातारासी गाउँपालिका-३ छुम गाउँकी ललिता बुढा हिलोमा धान रोप्दै गर्दा भन्छिन्, 'मार्सी हाम्रो चिनारी हो, तर अब किसानको मन मरेको छ ।' उनका अनुसार मरुवा रोग, असिना, बेमौसमी वर्षा र दाना झर्ने समस्याले किसानलाई निराश बनाएको छ । खेतमा मेहनत धेरै, उत्पादन कम भएपछि धेरै किसानले मार्सी छोडेर आलु, सिमी, मकै, कोदो र कागुनोतर्फ लागेका छन् ।

कहिल्यै लहलहाउने छुमचौरका फाँट अहिले सीमित खेतमा मात्र हरियाली देखिन्छ । पछिल्लो समय अधिकतम १५-२० वटा खेतमा मात्रै मार्सी रोपाइँ हुने गरेको स्थानीय बताउँछन् । बाँकी जमिन क्रमशः खाली हुँदै गएको छाउत्पादनले घर धान्न नसकेपछि यही मौसममा धेरै किसान यार्सा टिप्न पाटनतिर उक्लिन्छन् । यसले खेतीप्रतिको आकर्षण झन् कमजोर बनाएको छ । किसानहरू भन्छन्, 'मार्सीले अब पेटभन्दा बढी सम्झना धानिरहेको छ ।' किसानहरूले निरोगी बिउ, आधुनिक प्रविधि र विशेष बजेटको माग गरिरहेका छन् । उनीहरू छुमचौरलाई कृषि पर्यटन क्षेत्र घोषणा गरेर व्यवस्थित संरक्षण गर्नुपर्ने बताउँछन् । स्थानीयको बुझाइमा मार्सी धान जोगाउनु खेती जोगाउनु होइन, जुम्लाको मौलिक सभ्यता जोगाउनु हो । पातारासी गाउँपालिका अध्यक्ष पूर्णसिंह बोहोराले मार्सी धानको जगेर्ना सबैको साझा दायित्व भएको बताए । 'माग उच्च छ, मूल्य राम्रो छ ।

अब गुणस्तरीय उत्पादन र आधुनिकीकरणमा जानुपर्छ,' उनले भने । यस्तै जिल्ला कृषि विकास कार्यालय जुम्लाले पनि छुमचौरलाई 'मार्सी पकेट क्षेत्र' बनाएर विशेष योजना अघि बढाउनुपर्ने आवश्यकता औंल्याएको छ । चन्दननाथ-१ र ३ जात सिफारिस भइसकेका छन् भने मार्सी-१८, २० र २२ परीक्षणको चरणमा छन् । कृषि कार्यालयका अनुसार यस वर्ष ६ हजार १ सय २५ मेट्रिक टन उत्पादन भएको छ, जुन अघिल्लो वर्षको तुलनामा २.३ प्रतिशतले बढी हो ।

तर खेती क्षेत्र भने घटेर २ हजार ८८ हेक्टरमा सीमित भएको छ । संख्या बढे पनि वास्तविक चुनौती खेत जोगाउने हो । किनकि खेत बाँझिएपछि अन्न हराउँदैन, पुस्तौँदेखि बाँचिरहेको सभ्यता पनि हराउन थाल्छ । छुमचौर यतिबेला फेरि रोपाइँको गीतमा गुञ्जिएको छ । तर, ती गीतभित्र किसानको चिन्ता पनि छ । बुढापाकाहरु भन्छन्, अहिले जोगाउन सकिएन भने, विश्वकै उच्च स्थानमा फल्ने मार्सी धान इतिहासका पानामा मात्रै सीमित हुन सक्छ ।

# प्रधानमन्त्री शाह 'अनिच्छुक' देखिएपछि भारतले रवि लामिछानेलाई बोलायो

**युग संवाददाता**
**काठमाडौं, १० जेठ ।**

प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणको कुनै टुंगो नलागे पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने जेठ तेस्रो साता भारत भ्रमणमा जाने भएका छन् ।

भारतीय विदेश मन्त्रालयको औपचारिक निमन्त्रणामा उनले आगामी जुन १ देखि २ सम्म भारत भ्रमण गर्ने रास्वपा स्रोतले जानकारी दिएको छ ।

रास्वपा स्रोतका अनुसार भारत भ्रमणका क्रममा सभापति लामिछानेले प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेट्ने कार्यक्रम छ । यद्यपि यसबारे कुनै औपचारिक सूचना जारी गरिएको छैन ।



भारत भ्रमणका क्रममा सभापति लामिछानेले भारतीय विदेशमन्त्री एस. जयशंकर, विदेश सचिव विक्रम मिश्री तथा अन्य अधिकारीहरूसँग भेट्ने समेत तय भइसकेको रास्वपा स्रोतले जानकारी दिएको छ ।

सभापति लामिछानेले भाजपा अध्यक्ष नितिन नवीनसँग पनि भेट गर्ने कार्यक्रम छ । सभापति लामिछानेको स्वागत भारतीय जनता पार्टीको कार्यालयमा गर्ने तयारी गरिएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले भेट नदिने भएपछि भारतीय विदेश सचिव बिक्रम मिश्रीको नेपाल भ्रमण स्थगित भएको थियो । मिश्री प्रधानमन्त्री शाहलाई भारत भ्रमणको औपचारिक निमन्त्रणा दिन नेपाल आउन लागेका थिए ।

मिश्रीको भ्रमण स्थगित भएको केही दिनमै भारत र चीनबीच लिपुलेकबाट कैलाश यात्रा हुने सम्झौता भएपछि नेपालले कूटनीतिक नोट पठाएर विरोध जनाएको थियो । नेपालको बाटो हुँदै भारत-चीन मार्ग खुला गर्दा नेपालसँग कुनै छलफल नगरिएको भन्दै सरकारले भारत र चीन दुवै देशसँग आपत्ति प्रकट गरेको थियो ।

परराष्ट्रमन्त्री शिशिर खनाल पनि भारत भ्रमणमा जाने बताइए पनि उनको भ्रमण पनि अन्तिम समयमा रद्द भएको थियो ।

नेपालमा राष्ट्रिय स्वतन्त्र पार्टीको झन्डै दुई तिहाइ बहुमत आएपछि भारतीय प्रधानमन्त्री मोदीले रास्वपा सभापति रवि लामिछाने र प्रधानमन्त्रीमा प्रस्तावित बालेन्द्र शाहलाई टेलिफोन गरेरै बधाई दिएका थिए । यद्यपि प्रधानमन्त्री बनेपछि शाहले अन्य देशहरूजस्तै भारतसँग पनि कूटनीतिक दूरी राखेका थिए ।

प्रधानमन्त्री शाहको भ्रमणका लागि निमन्त्रणासम्म दिन नपाएपछि भारतले रास्वपा सभापति लामिछानेलाई भारत भ्रमणमा बोलाएको हो ।

## निर्देशन...

कार्यान्वयन गर्न सरकार अत्यन्तै पछि रहेको बताउछन् समितिका सभापति विन्दमान विष्ट ।

सभापति विष्ट भन्छन्, 'सुरुको वर्षदेखि प्रदेश सरकारको बेरुजु बढेर झण्डै पाँच प्रतिशतसम्म पुगेको थियो । महालेखाको सातौ प्रतिवेदनसम्म आइपुग्दा बेरुजु दुई प्रतिशमा झरेको थियो । तर, गत वर्ष लेखा परिक्षण गरेको अङ्कभन्दा झन्डै झन्डै दोब्बरले बढेको छ । बेरुजुका सन्दर्भमा समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने सन्दर्भमा सरकार निकै पछि देखिन्छ । बेरुजु घटाउने विषयमा मन्त्रालय र अन्तर्गतका निकायहरुले खासै वास्त गरेको देखिदैन ।'

उनले संसदीय निगरानी र प्रतिवेदन अध्ययनमा अन्य प्रदेशभन्दा अगाडि रहेपनि विशेषगरी मन्त्रालयहरूले आर्थिक अनुशासन कायम गर्न र बेरुजु घटाउन दिइएका सुझावहरूको कार्यान्वयनमा उदासिनता देखाउने गरेको दावी गरे ।

सरकारी निकायहरूले समितिको निर्णयलाई बेवास्ता गर्दा वित्तीय पारदर्शीतामा चुनौती थपिएको बताउदै उनले समितिले हाल पुराना निर्देशनहरूको फलोअप गरिरहेको बताए ।

**अनुसुची–१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**(पहिलो पटक प्रकाशित मितिः २०८३/०२/११)**

श्री कृकिटे चौपाता सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-०७, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको कार्य योजना बमोजिम खोटेसल्लो ग्रेड (ए) ४३ थान ९७२.९२ क्यू.फि., ग्रेड (बि) १४ थान १६३.२७ क्यू.फि., ग्रेड (सि) गरी कुल जम्मा ६० थान ११३६.१९ क्यू.फि. काठ र ३.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री कृकिटे चौपाता सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-०७, सुर्खेत श्री पञ्चपुरी सव-डिभिजन वन कार्यालय भेरी, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री कृकिटे चौपाता सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.–०७, सुर्खेत।**

## ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०८ गते शुक्रबार**

उपरोक्त विषयमा यस साझा बचत तथा ऋण सहकारी संस्था लि. वाट विभिन्न मिति, समय र शिर्षकमा लगानी गरिएको कर्जा लिखित शर्तनामामा तोकिएको समयावधि समाप्त भए पनि कर्जा चुक्ता गर्न आनाकानी गर्ने, सम्पर्कविहीन हुने अवस्था रहेको र विभिन्न समयमा पटक-पटक ऋण चुक्ताको लागि मौखिक, लिखित, फोन सम्पर्क गरी अनुरोध गरिएतापनि हालसम्म कर्जा चुक्ता गर्न नआएकोले ३५ दिनभित्र आफ्नो सांवा, व्याज र ऋण सम्बन्धि अन्य दायित्व वापतको तिर्न बुझाउन पर्ने रकम चुक्ता गर्नुहुन सम्बधित सबै कर्जा धनीहरुलाई सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बांकी रहेको सम्पूर्ण सांवा, व्याज र हर्जना लगायतका रकम यकमुष्ट चुक्ता गर्न गराउनको लागि सम्बन्धित ऋणी , धितोवाला, जमानीकर्ता एवम सम्बद्ध सबैलाई यसै सुचनाद्धारा जानकारि गराईन्छ। अन्यथा सो म्यादभित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई भुक्तान नगर्ने ऋणी सदस्यहरुको ऋण असुल गर्न आवश्यक कानुनी प्रक्रियाका लागि सहकारी ऐन २०७४, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन र संस्थाको ऋण लगानी कार्यविधिको अधिनमा रहि कर्जाधनी, र जमानीकर्ताले ऋण लिदाको बखत गरेका तमसुक तथा लिखित कागजातहरुका आधारमा ऋणि र जमानी दिने व्याक्तीको फोटो र तिन पुस्ते नामावली सहित उल्लेख गरी सामाजिक संञ्जाल, तथा स्थानिय पत्र पत्रिकामा सुचना प्रकाशन गरिने र आवश्यक कानुनी प्रक्रियाबाट धितो, जायजेथा लिलाम बिक्री गरि असुलउपर गरिने छ। साथै जमानीमा रहेको धितो लिलाम विक्रीबाट पनि यस संस्थाको लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा तथा सम्पतिबाट समेत असुल उपर गरि लिने र ऋणी र जमानी सदस्यलाई कानुन बमोजिम कर्जा सुचना केन्द्रको कालो सुचिमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सार्वजनिक सुचनामार्फत जानकारी गराईन्छ। संस्थाको यस कार्यबाट ऋणी सदस्यहरुको सामाजिक मानमर्दन, पद, व्यवसायिक कार्य र व्यक्तिगत छविमा आंच आउने र हानी नोक्सानी हुने भएमा संस्था जवाफदेही नहुने व्यहोरा यसै सार्वजनिक सूचनामार्फत जानकारी गराईन्छ।

संस्थाको हित तथा सदस्यहरुको वितिय अनुशासन कायम राख्न सम्बन्धित सबैमा सहयोगको अपेक्षा राख्दछु।

**कर्जा विभाग**
**साझा बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्दनगर-०९, सुर्खेत**
**फोन नं ०८३-५२५३८८**

## चुरे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**घरखेडा,कैलाली**
**सुदूरपश्चिम प्रदेश,नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८३/०२/११ (25th May, 2026)**

यस चुरे गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आ.व २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यका लागि प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं | विवरण | बोलपत्र स्वीकृतिको आशय दिइएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | CRM/NCB/ Works/09/082/083 | Upgrading Of Road From Fast Track To Nigali, Chure-01 | Chure Nirman Sewa, Chure-04, kailali | Rs 30,16,855.38/- |

**प्रमुख प्रशासकीय अधिकृत**

### लुको चपेटामा बाँके :

# चर्को गर्मीले मजदुरदेखि व्यवसायीसम्मको जनजीवन प्रभावित

**सरला सुवेदी**
**बाँके, १० जेठ ।**

बाँके जिल्लामा केही दिनयता तातो हावा (लु) चल्न थालेपछि भीषण गर्मी बढ्दै गएको छ। आगोजस्तै पोल्ने तातो हावा र अत्यधिक तापक्रमका कारण बाँकेसहित पश्चिम तराईका जिल्लाहरूको जनजीवन अस्तव्यस्त बनेको हो।

बिहान ७ बजेदेखिनै चर्को घाम लाग्ने, शरीर पोल्ने तातो हावा चल्ने तथा पसिनाले शरीर भिजेर नुहाएजस्तै हुने अवस्थाले स्थानीयवासीको दैनिकी कष्टकर बनेको छ। अत्यधिक गर्मीका कारण बजार, सडक तथा सार्वजनिक स्थलहरू दिउँसो सुनसानजस्तै देखिन थालेका छन्।

नेपालगञ्जको त्रिभुवन चोकका व्यवसायी नितेष राईले धेरै वर्षपछि जेठको सुरुमै यस्तो गर्मी अनुभव गरिएको बताउनुभयो।

"दिउँसोको समयमा मानिसहरू घरबाहिर निस्कनै छाडेका छन्। पहिले जस्तो बजारमा चहलपहल छैन, व्यापार पनि निकै घटेको छ," उहाँले भन्नुभयो।

नागरिक सरोकार मञ्च बाँकेका संयोजक कृष्णप्रसाद श्रेष्ठले एक्कासी बढेको गर्मी र लुका कारण जनजीवन नराम्ररी प्रभावित भएको बताउँदै दैनिक ज्यालादारी गरेर गुजारा चलाउने वर्ग सबैभन्दा बढी मारमा परेको उल्लेख गरे।

नेपालगञ्ज-१ का अटो रिक्सा चालक रशीद हलवाईले गर्मीका कारण यात्रु घट्दा आम्दानीमा प्रत्यक्ष असर परेको गुनासो गरे।

"दिउँसो सडकमा यात्रु नै भेटिन्नन्। गर्मीले अटो चलाउनै गाह्रो भएको छ, कमाइ पनि आधाभन्दा कम भएको छ," उनले भने। निर्माण मजदुरी गर्दै आएका नेपालगञ्ज-८ का मजदुर रामकुमार थारुले चर्को घाममा काम गर्न निकै कठिन भएको बताए।

"घामले शरीर नै पोल्छ, धेरै बेर काम गर्न सकिँदैन। पानी धेरै पिउँदा पनि थकान कम हुँदैन," उनले भने।

यस्तै, दैनिक ज्यालादारी गर्दै आएकी कोहलपुरकी मजदुर माया विकले गर्मीका कारण काम गर्ने समय घटेको बताए।

"बिहानै काम सकेर फर्किनुपर्छ। दिउँसो त बाहिर बस्नै नसक्ने अवस्था छ," उनले सुनाए।

अटो रिक्सा चालक, ठेला व्यवसायी तथा खुला आकाशमुनि काम गर्ने मजदुरहरू सबैभन्दा बढी प्रभावित बनेका छन्। सामान्यतया व्यस्त रहने नेपालगञ्जका सडक र चोकहरू अहिले दिउँसो सुनसान देखिन थालेका छन्।

बढ्दो गर्मी र तातो हावालाई ध्यानमा राख्दै चिकित्सकहरूले अत्यावश्यक कामबाहेक दिउँसो बाहिर ननिस्कन, चिसो स्थानमा बस्न तथा बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने र हल्का सुती कपडा प्रयोग गर्न सुझाव दिएका छन्।

भेरी अस्पतालका चिकित्सक डा. विपिन आचार्यले शरीरमा पानीको कमी हुन नदिन पर्याप्त मात्रामा पानी, जुस तथा अन्य झोल पदार्थ सेवन गर्न आग्रह गर्नुभएको छ। उनले गर्मीका कारण लु लाग्ने, टाउको दुख्ने, चक्कर आउने तथा शरीर कमजोर हुने समस्या बढ्न सक्ने भएकाले विशेष सावधानी अपनाउनुपर्ने बताए।

## घुयँत्रो

ा शिक्षामन्त्री सस्मित पोखरेलका कुरा सुन्दा त के शिक्षामा देशले ठूलै फडको मार्ने कुरा गर्छन त हँ! यीनका कुराले त हामी शिक्षामा फिनल्यान्डलाई नि जित्छम्कि जस्तो देखियो त हँ! देशभरका २७ हजार विद्यालयमानै पुगेर स्कुलको जग्गा कतिछ ? भबन कति र कति कोठे छन ? शिक्षक कर्मचारी कतिछन? महिला शिक्षक कति छन ? कति कक्षासम्म पढाइ हुन्छ? विद्यार्थी कति छन ? छात्र छात्रा कति छन ? दलित तथा जनजाति र लोपोन्मुख अनि अल्प संख्यक कति छन तिनलाई शिक्षा दिने स्थायी दरबन्दिका र बिषयगत शिक्षक कति छन भनेर भएभरको सारा विवरण लिने अरे अनि त्यै अनुसार देशभर समानुपातिक रुपमा शिक्षालाई अघि बढाएर देशलाई नमुना र अनुकरणिय शैक्षिक थलो बनाएर ५ बर्षमा कसैलेनि अनुमान र कल्पनै गर्न नसकेको विकास गरेर देखाउने कुरा गर्छन त हँ! शिक्षा मन्त्री! नेपालजस्तो अस्थिर राजनिति भएको मुलुकाँ ५ बर्षे योजना बनाएर अघि बढदा त्यस्तायोजनाले सफलता पाउलान ? त्यसैत नेपालका तडापार भएका पुराना दल सहित हर्के सामपाङ सहित दैनिक सदनमा आन्दोलनमा छन। प्रधानमन्त्री बालुनको राजिनामा मागेर सदनमा सभामुखलाई वाक्कदिक्क बनाका यी ४ दल , एमाले,काँगेस, माओवादि र लाजसरम पाटिका नेताका चटकले दिनकै सदन मनोरञ्जनको थलो भा छ। प्रधानमन्त्री बालेन सदनमा आएर बोलेनन उनले जवाफ दिनु पर्ने ठाउँमा अर्थमन्त्रीलाई जवाफ दिन लाए भन्ने निहुमा सदनमा हङ्गामा गरेका यी नेताहरले सरकार चलाउँदानि देशलाई चटकै बनाएर छोडे ऐले विपक्षिमा हुँदानि त्यो हङ्गामा मच्चाउन छोड्याछैनन। तर बालेन भने यी दलका नेताहरका कुरा नसुनेर खुरुखुरु आफ्नै काममा लागेर दिनको यौटा न यौटा काम गरेर सरकार बनेको दुई मैनामा हरेक क्षेत्रमा " अब केहि हुन्छ कि त " भन्ने आशंका जनता मनाँ पैदा गरेर एकोहोरो कुदेका कुद्यै गरेका बालेनको गतिविधिले बिचरा यी ४ दलको हरि विजोग भाछ। जसरि शिक्षा मन्त्रालयाँ उथलपुथल गर्नलाछन त्यसैगरि बाँकि १७ मन्त्रालय र न्यायालयाँ उथलपुथल गर्दिने हो भनेत जनताले सरकारप्रति यति ठूलो विश्वास जगाउने थेकि जस्लाई तोडन विसाँबर्ष लाग्न सक्छ। हुन पनि ऐलेको दुई तिहाईको सरकारसित गुनासो भन्या यौटा कुरा मात्रै हो त्यो के भने प्रधानमन्त्री कमसेकम दिनको एक पटक सदनमा जाउन र उनले जवाफ दिनु पर्ने कुराको जवाफ दिएर जाउन। यति भएछि नेपाली जनतालाई केही चाहिया छैन। खास भन्ने हो भने अब सत्तारुढ दलका अध्यक्ष रबि लामपछानेलाईनि कास्की जिल्ला अदालतले क्लिन चिट दिईसक्यो अब सायद पालैशान्ति अरु अदालतले नि उनलाई नुहाई धुवाई गरेर सफा गरेर पठाउँदैछन किनभने अदालतका न्यायाधीशहरुको मुटुलेनि ढ्याङ्गो षोक्या कतै मेरोनि जागिर जान्छ कि भनेर रबिका मुद्दा रहेका न्यायाधीशहरु त कैले रविलाई छोडौँला र जागिर जोगाउँला भनेर आत्तियाछन। अब खासगरि बालेनलाई अबरोध गर्या भन्या सर्वोच्चका ती न्यायाधीशहरु जसले सुकुम्बासी अभियान रोकि दिए। राजधानीमा चलेको सुकुम्बासी लखेटने अभियानलाई अदालतले अंकुस लाईदेछि तिरिमिरि देख्न पुगेका बाले अब अदातका न्यायाधीश फाल्ने अभियानाँ लाग्या छन। सरकारले चलाउने भन्या अभियान र त्यसले देखाउने परिणाम सितै सय दिनाँ यो सरकारकाले ल्याउने अभियानले देशाँ एक्कासी भूईँचालो गएछि सायदजनताले था पाउलानकि अब बालेन सरकारको रहस्य यी ४ दलले था पाउने छन कि बालेन राजिनामा दे हैन बरु प्रधानमन्त्री तिम्लाई हाम्रो साथछ भन्दै सडकाँ चिच्याउने छन।पुराना दल त अब केई नभएनि २५ बर्षका लागि कोमामा गए। उनरलाई लडने झगडने समय राम्रै मिल्ने भो। जयहोस राजनीति।

# देउवा पक्षको सुदूरपश्चिमस्तरीय भेला धनगढीमा सुरु

**युग संवाददाता**
**धनगढी, १० जेठ ।**




नेपाली कांग्रेसका पूर्वसभापति शेरबादुर देउवा समूहको सुदूरपश्चिम स्तरीय भेला धनगढीमा सुरु भएको छ।

प्रदेश समितिको आयोजनामा सुरु भएको भेलामा पूर्व केन्द्रीय सदस्य एनपी साउँद प्रमुख अतिथि रहेका छन्। भेलाको अध्यक्षता प्रदेश सभापति वीरबहादुर बलायरले गरिरहेका छन्।

भेलामा संस्थापन पक्षका कोही पनि नेता सहभागी छैनन्।

भेलामा पूर्व केन्द्रीय सदस्य रमेश लेखक, मोहन बस्नेत, कुन्दन काफ्लेलगायत सुदूरपश्चिम प्रदेशबाट केन्द्रमा प्रतिनिधित्व गर्ने देउवा समूहका सम्पूर्ण नेताहरुको उपस्थिति रहेको छ।

भेलामा जनप्रतिनिधि, प्रदेश सरकारका मुख्यमन्त्री कमल कमल शाह, मन्त्रीहरु लगायत प्रदेश भरका नेता तथा कार्यक्रताको उपस्थिति रहेको छ। यस अघि यसै हलमा नेपाली काँग्रेस केन्द्रीय सभापतिको प्रमुख आथित्यतामा भेला सम्पन्न भएको थियो।

# फेरिए सुर्खेतका प्रहरी प्रमुख

**युग संवाददाता**
**सुर्खेत, १० जेठ ।**

जिल्ला प्रहरी कार्यालय सुर्खेतका नयाँ प्रहरी प्रमुख ठाकुरप्रसाद पोखरेलले शान्ति सुरक्षा कायम गर्ने कुरामा कुनै कसर बाँकी नराख्ने बनाएका छन्।

आइतबार जिल्ला प्रहरी कार्यालय सुर्खेतमा पत्रकारसँगको परिचयात्मक कार्यक्रममा पोखरेलले कार्यसम्पादनलाई उत्कृष्ट र जनमुखी बनाइने बताए। 'प्रहरीको एक्लो प्रयासले केही हुँदैन,' उनले भने, 'समाजमा शान्ति सु-व्यवस्था कायम गर्न सबैको भूमिका महत्वपूर्ण हुन्छ।'

प्रहरी उपरीक्षक पोखरेलले हाल सुर्खेतमा रहेको चुनौतीका विषयलाई अध्ययन गरी हल गरिने पनि बताए। पत्रकारहरूले सुर्खेतमा सडक सुरक्षा कायम, लागुऔषध नियन्त्रण, अवैध यौन गतिविधिलाई नियन्त्रण गर्नुपर्ने जस्ता कुरामा ध्यान दिनुपर्ने सुझाव दिएका थिए।

पछिल्लो समय राजधानी वीरेन्द्रनगरमा लागुऔषध र अवैध यौनजन्य गतिविधि नियन्त्रण प्रमुख चुनौतीका रूपमा रहेको छ। जवाफमा पोखरेलले सही सूचनामा आधारित रहेर कानुन विपरीतका गतिविधिलाई निस्तेज पारिने बताए।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

**सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो।निवार्य राखौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**


लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।